**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रिय राजधानीमा रहेको सेवा तीर्थ भवन परिसरको नामकरणको अनावरण गर्नुहुनेछ।
2. संसदको दुवै सदनमा बजेट सत्रको पहिलो चरणको आज अन्तिम दिन हो। दोस्रो चरण अर्को महिनाको ९ तारिखमा सुरु हुनेछ, जुन 2 अप्रेलसम्म जारी रहनेछ।
3. वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीमाथि गलत सूचना फैलाएको र आधारहीन आरोप लगाएको आरोप लगाउनु भएको छ।
4. ग्रामीण स्थानीय निकायहरूलाई सुदृढ पार्न सरकारले तीन हजार 324 करोड़भन्दा बढी रकम स्वीकृत गरेको छ।
5. टी -२० क्रिकेट विश्वकपको समूह ए को म्याचमा भारतले नामिबियालाई ९३ रनले पराजित गऱ्यो।

**प्रधानमन्त्रीको सेवा तीर्थ**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रिय राजधानीमा रहेको सेवा तीर्थ भवन परिसरको नामकरणको अनावरण गर्नुहुनेछ। त्यसपछि उहाँले सेवा तीर्थ र कार्तव्य भवन-१ र २ को औपचारिक उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्रीले साँझ सेवा तीर्थमा एक सार्वजनिक सभालाई सम्बोधन गर्नु हुने कार्यक्रम पनि छ। यो उद्घाटनले देशको प्रशासनिक प्रणालीमा महत्वपूर्ण परिवर्तनको संकेत गर्दछ। यसले आधुनिक, कुशल, पहुँचयोग्य र नागरिक-केन्द्रित सुशासन प्रणाली निर्माण गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको प्रतिबद्धतालाई पनिप्रतिबिम्बित गर्दछ।सेवा तीर्थमा प्रधानमन्त्री कार्यालय, राष्ट्रिय सुरक्षा परिषद् सचिवालय र मन्त्रिपरिषद् सचिवालय रहेको छ। यी पहिले छुट्टाछुट्टै स्थानमा अवस्थित थिए। नयाँ भवन परिसरले आधुनिक र भविष्यका लागि तयार सुविधाहरूभित्र प्रशासनिक कार्यहरूलाई एकीकृत गर्दछ। कर्तव्य भवन-१ र २ मा धेरै प्रमुख मन्त्रालयहरू छन्।

**बजट अवकाशको पहिलो चरण स्थगित**

संसदको दुवै सदनमा बजेट सत्रको पहिलो चरणको आज अन्तिम दिन हो। दोस्रो चरण अर्को महिनाको ९ तारिखमा सुरु हुनेछ, जुन 2 अप्रेलसम्म जारी रहनेछ। सत्रको पहिलो चरण 28 जनवरीमा राष्ट्रपति द्रौपदी मुर्मुले दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरेपछि सुरु भयो। वित्तमन्त्री निर्मला सीतारमणले हिजो राज्यसभामा केन्द्रीय बजेटमाथिको छलफलको जवाफ दिनु भयो। उहाँले आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्दै समावेशी विकास सुनिश्चित गरेर बलियो र आत्मनिर्भर भारत निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भयो। उहाँले मुद्रास्फीतिलाई नियन्त्रणमा राख्दै उच्च वृद्धि दर सुनिश्चित गरिएको बताउनु भयो। उहाँले २०२५-२६ मा देशको जीडीपी वृद्धि दर ७.४ प्रतिशत हुने अनुमान गरिएको बताउनु भयो जबकि खुद्रा मुद्रास्फीति २ प्रतिशतमा झरेको छ, जसले आर्थिक शक्तिलाई प्रतिबिम्बित गर्दछ।यसैबीच, लोकसभामा सत्तारुढ दल र विपक्षी दलका सदस्यहरूबीच हंगामा भयो, जसले गर्दा सदन दिनभरको लागि स्थगित भयो। औद्योगिक सम्बन्ध संहिता (संशोधन) विधेयक, २०२६ पारित भएपछि, होहल्लाको बीचमा सदनमा सार्वजनिक महत्वका जरुरी विषयहरू उठाइयो। भाजपा सांसद निशिकांत दुबेले लोकसभामा विपक्षी दलका नेता राहुल गान्धी विरुद्ध विशेषाधिकार प्रस्तावको मुद्दा उठाउनु भयो। श्री दुबेले राहुल गान्धीको

सोरोस फाउन्डेसन र फोर्ड फाउन्डेसनसँग सम्बन्ध रहेको आरोप लगाउनु भयो। उहाँले यो पनि भन्नु भयो, राहुल गान्धीले चुनाव आयोग, सर्वोच्च अदालत र लोकसभाका अध्यक्ष जस्ता संवैधानिक संस्थाहरू विरुद्ध बारम्बार आरोप लगाउँछन्।

**बाइट**

**पियुष गोयल - राहुल गान्धी**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीमाथि गलत सूचना फैलाएको र आधारहीन आरोप लगाएको आरोप लगाउनु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै गोयलले श्री गान्धीले झूटा कहानीमार्फत किसानहरूलाई भ्रमित गर्ने र उक्साउने प्रयास गरिरहेको बताउनु भएको छ। केन्द्रीय मन्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले विभिन्न योजना र नीतिगत निर्णयहरूमार्फत किसानहरूको कल्याण र समृद्धिलाई निरन्तर प्राथमिकता दिएको बताउनु भएको छ। उहाँले संयुक्त राज्य अमेरिकासँग हालै भएको व्यापार सम्झौताले देशका किसानहरूको हितलाई पूर्ण रूपमा सुरक्षित गरेको पनि बताउनु भयो।

**बाइट**

श्री गोयलले बासमती चामल, फलफूल, मसला, चिया र समुद्री खाना लगायत धेरै भारतीय कृषि उत्पादनहरूले राम्रो बजार पहुँच पाउने अपेक्षा गरिएको बताउनु भयो। यसले निर्यात बढाउनेछ र किसानहरूको आम्दानी बढाउनेछ। उहाँले विस्तारित कपास वस्त्र निर्यात अवसरहरूले कपासको माग बढाउनेछ र कपास उत्पादकहरूलाई फाइदा पुर्‍याउने पनि बताउनु भयो। मन्त्रीले व्यापार सम्झौताले नयाँ निर्यात अवसरहरू सिर्जना गर्ने र कृषि उत्पादनहरूको माग बढाउने र राम्रो मूल्य सुनिश्चित गर्ने आश्वासन दिनु भयो।

**शिवराज सिंह चौहान - राहुल गान्धी**

कृषिमन्त्री शिवराज सिंह चौहानले हिजो लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीमाथि कडा हमला गर्दै भन्नु भयो, उनी देशका किसानहरूको बारेमा चिन्तित छैनन्। सामाजिक सञ्जालको एक पोस्टमा श्री चौहानले भन्नु भयो, राहुल गान्धी कहिल्यै किसान सशक्तिकरणको पक्षमा थिएनन् र बारम्बार राष्ट्रविरोधी बयान दिन्छन्। कृषिमन्त्रीले आरोप लगाउनु भयो, राहुल गान्धीले झूट बोल्ने सबै रेकर्ड तोडेका छन् र झूट फैलाएर जनतामा भ्रम सिर्जना गर्ने प्रयास गरिरहेका छन्।

**पञ्चायती राज - अनुदान**

ग्रामीण स्थानीय निकायहरूलाई सुदृढ पार्न सरकारले तीन हजार 324 करोड़भन्दा बढी रकम स्वीकृत गरेको छ। यो रकम १५ औं वित्त आयोगको सिफारिस अनुसार वित्त वर्ष २०२५-२६ को लागि अप्रतिबन्धित अनुदानको दोस्रो किस्ता हो। यो पाँच राज्यहरू - बिहार, हरियाणा, हिमाचल प्रदेश, उत्तर प्रदेश र पश्चिम बंगाललाई प्रदान गरिनेछ।पञ्चायती राज मन्त्रालयले भनेको छ, अप्रतिबन्धित अनुदान स्थानीय आवश्यकताहरू पूरा गर्न प्रयोग गरिनेछ। यो रकम आधारभूत सरसफाइ सेवाहरू, खुला दिसामुक्त यानि ओडीएफ स्थिति कायम राख्ने, पिउने पानी आपूर्ति, वर्षाको पानी संकलन र पानी पुनर्चक्रणको लागि प्रयोग गर्न सकिन्छ।

**आरबीआई - कृषि ऋण**

भारतीय रिजर्भ बैंकले हिजो किसान क्रेडिट कार्ड योजनाको लागि संशोधित मस्यौदा नियमहरू जारी गर्‍यो, जसमा माटो परीक्षण, मौसम पूर्वानुमान र जैविक प्रमाणीकरण जस्ता कृषि-प्रविधि पहलहरूमा खर्चलाई योग्य कृषि ऋण घटकको रूपमा समावेश गर्ने प्रस्ताव गरिएको छ। मस्यौदा अनुसार, प्रति ऋणी २ लाख रुपियाँसम्मको कृषि र सम्बद्ध ऋणको लागि धितो र मार्जिन आवश्यकताहरू खुकुलो पारिएको छ। किसान क्रेडिट कार्ड योजना अन्तर्गत निकासी सीमा बाली-विशिष्ट वित्तपोषण स्केलसँग मिलाइएको छ, जबकि एक हेक्टरसम्म जग्गा धारण भएका सीमान्त किसानहरूको लागि दश हजारदेखि पचास हजारसम्मको लचिलो ऋण सीमा प्रस्ताव गरिएको छ।भारतीय रिजर्भ बैंकले छोटो अवधिको बालीहरूको लागि १२ महिना र दीर्घकालीन बालीहरूको लागि १८ महिना बाली अवधि तोकेको छ र केसीसीको वैधता छ वर्षसम्म बढाउने प्रस्ताव गरेको छ। मस्यौदामा सुझावहरू 6 मार्च २०२६ सम्म पेश गर्न सकिन्छ।

**विश्व रेडियो दिवस**

आज विश्व रेडियो दिवस मनाइँदैछ। हरेक वर्ष १३ फरवरीमा १९४६ मा संयुक्त राष्ट्र रेडियोको स्थापना भएको सम्झनामा मनाइन्छ। यस वर्षको विषयवस्तु "रेडियो र कृत्रिम बुद्धिमत्ता: एआई एक उपकरण हो, आवाज होइन" हो। विश्व रेडियो दिवस २०२६ मनाउन, आकाशवाणी रायपुर, छत्तीसगढले युनेस्कोसँगको सहकार्यमा आज विश्व रेडियो दिवस संगोष्ठीको आयोजना गर्दैछ। संगोष्ठी यस वर्षको आधिकारिक विषयवस्तुमा केन्द्रित छ र रेडियो प्रसारणको केन्द्रमा मानव आवाज राख्दै कृत्रिम बुद्धिमत्ताले सामग्री सिर्जना, दर्शक संलग्नता र पहुँचलाई कसरी बलियो बनाउन सक्छ भन्ने बारेमा छलफल गर्नेछ। विषयवस्तुले प्रसारण प्रणालीमा कृत्रिम बुद्धिमत्ताको बढ्दो भूमिकालाई पनि हाइलाइट गर्दछ। यसले सामग्री सिर्जना, अभिलेख, अनुवाद, दर्शक संलग्नता र पहुँच सुधार गरेर एआईले रेडियोलाई अझ प्रभावकारी र समावेशी बनाउन सक्छ भन्ने कुरा देखाउँछ। विषयवस्तुले यो पनि बताउँछ कि प्रविधि केवल एक सहायक माध्यम हो; यसले मानव आवाजलाई प्रतिस्थापन गर्न सक्दैन। सम्पादकीय विवेक र विश्वसनीयता रेडियोको वास्तविक विशेषता हो। यस सन्दर्भमा प्रस्तुत छ हाम्रा संवाददाताको

यो रिपोर्ट : **बाइट**

**टी-२० क्रिकेट विश्वकप**

हिजो राति टी-२० क्रिकेट विश्वकपको समूह ए को म्याचमा भारतले नामिबियालाई ९३ रनले पराजित गऱ्यो। यो टी-२० विश्वकपमा रनको आधारमा भारतको सबैभन्दा ठूलो जित हो। भारतले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर २०९ रन बनाएको थियो। लक्ष्य पछ्याउँदै नामिबिया १० बल बाँकी रहँदा ११६ रनमा अलआउट भयो। इशान किशनले २४ बलमा ६१ रनको शानदार इनिङ खेले। हार्दिक पाण्ड्याले पनि द्रुत ५२ रन बनाए। हार्दिक पाण्ड्या म्यान अफ द म्याच घोषित भए। वरुण चक्रवर्तीले ३ विकेट लिए भने अक्षर पटेल र हार्दिक पाण्ड्याले २-२ विकेट लिए। नामिबियाका लागि कप्तान गेरहार्ड इरास्मसले ४ विकेट लिए।हिजोप्रतियोगिताको अर्को म्याचमा श्रीलंकाले ओमानलाई १०५ रनले पराजित गऱ्यो। यसैबीच, मुम्बईमा इटालीले नेपाललाई १०विकेटले पराजित गऱ्यो।आज बिहान ११ बजे कोलम्बोमा अष्ट्रेलिया र जिम्बाब्वे आमनेसामने हुनेछन्। क्यानडाले दिउँसो ३ बजे दिल्लीमा युएईको सामना गर्नेछ। संयुक्त राज्य अमेरिकाले साँझ ७ बजे चेन्नईमा नेदरल्याण्ड्सको सामना गर्नेछ।